

सुनिलस्मृति गाउँपालिका

स्थानीय राजपत्र

खण्डः१० संख्याः४ मितिः २०८३।०६।२२

भाग-२

विपन्न एकल महिलाहरूलाई बाख्रा कोशेली कार्यक्रम सञ्चालन कार्यविधि, २०८३

प्रस्तावनाः

गाउँपालिका भित्र आर्थिक तथा सामाजिक रूपमा विपन्न अवस्थामा रहेका एकल महिलाको जीविकोपार्जनमा सहयोग पुऱ्याई उनीहरूको आयआर्जन, आत्मनिर्भरता तथा आर्थिक सशक्तीकरणमा योगदान पुऱ्याउने उद्देश्यले बाख्रापालन व्यवसायलाई प्रोत्साहन गर्न आवश्यक भएकाले वार्षिक स्वीकृत कार्यक्रम तथा बजेट अन्तर्गत सञ्चालन हुने **"विपन्न एकल महिलाहरूलाई बाख्रा कोशेली कार्यक्रम"** लाई

व्यवस्थित, पारदर्शी, लक्षित र प्रभावकारी रूपमा सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

१. संक्षिप्त नाम र प्रारम्भ

(१) यस कार्यविधिको नाम "**विपन्न एकल महिलाहरूलाई बाख्रा कोशेली कार्यक्रम सञ्चालन कार्यविधि, २०८३**" रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ।

२. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा

क. "**गाउँपालिका**" भन्नाले सुनिलस्मृति गाउँपालिका सम्झनुपर्छ।

ख. "**कार्यपालिका**" भन्नाले गाउँ कार्यपालिकालाई सम्झनुपर्छ।

ग. "**एकल महिला**" भन्नाले प्रचलित कानुन बमोजिम विधवा, सम्बन्ध विच्छेद गरेकी, पति बेपत्ता भएको वा अन्य कानूनी रूपमा एकल अवस्थाको महिलालाई सम्झनुपर्छ।

घ. "**विपन्न एकल महिला**" भन्नाले आर्थिक स्रोत, नियमित आम्दानी तथा जीविकोपार्जनको पर्याप्त आधार नभई परिवारको आधारभूत आवश्यकता पूरा

गर्न कठिनाइ भएको एकल महिलालाई सम्झनुपर्छ।

ङ. "**कोशेली**" भन्नाले यस कार्यक्रम अन्तर्गत छनोट भएका लाभग्राहीलाई उपलब्ध गराइने बाख्रा तथा बाख्रापालन सम्बन्धी आवश्यक सहयोग सम्झनुपर्छ।

च. "**लाभग्राही**" भन्नाले यस कार्यविधि बमोजिम छनोट भएको विपन्न एकल महिलालाई सम्झनुपर्छ।

३. कार्यक्रमका उद्देश्य

कार्यक्रमका उद्देश्य देहायबमोजिम हुनेछन्:

क. **विपन्न एकल महिलाको आयआर्जनमा वृद्धि गर्ने।**

ख. **एकल महिलालाई आत्मनिर्भर तथा स्वरोजगार बनाउन सहयोग गर्ने।**

ग. **बाख्रापालन व्यवसायमार्फत दिगो जीविकोपार्जनको आधार निर्माण गर्ने।**

घ. **महिलाको आर्थिक सशक्तीकरण तथा निर्णय प्रक्रियामा सहभागिता बढाउने।**

ङ. **स्थानीय स्तरमा उपलब्ध स्रोत, सीप र प्रविधिको उपयोग गरी उद्यमशीलता विकास गर्ने।**

च. **बाख्रापालन मार्फत परिवारको पोषण तथा आयस्तरमा सुधार ल्याउने।**

छ. **विपन्न तथा जोखिममा रहेका एकल महिलालाई सामाजिक तथा आर्थिक मूलप्रवाहीकरणमा सहयोग गर्ने।**

४. लक्षित वर्ग

यस कार्यक्रमका लागि गाउँपालिकाभित्र स्थायी बसोबास गर्ने **आर्थिक तथा सामाजिक रूपमा विपन्न एकल महिला** लक्षित वर्ग हुनेछन्।

५. लाभग्राही हुन आवश्यक न्यूनतम योग्यता

देहायका योग्यता पूरा गर्ने महिला लाभग्राहीका लागि योग्य हुनेछन्—

क. **गाउँपालिकाभित्र स्थायी बसोबास गरेको हुनुपर्ने।**

ख. **प्रचलित कानुनबमोजिम एकल महिला भएको प्रमाण वा सम्बन्धित वडा कार्यालयको सिफारिस भएको हुनुपर्ने।**

ग. **आर्थिक रूपमा विपन्न भएको हुनुपर्ने।**

घ. **बाख्रापालन गर्न इच्छुक तथा प्रतिबद्ध भएको हुनुपर्ने।**

ङ. **बाख्रा पाल्न न्यूनतम आवश्यक स्थान/गोठ वा त्यसको व्यवस्था गर्न सक्ने आधार भएको हुनुपर्ने।**

च. **आफ्नै वा परिवारको सदस्यको नाममा पर्याप्त व्यावसायिक पशुपालन व्यवसाय सञ्चालन गरिरहेको नहुनुपर्ने।**

छ. यसै प्रकृतिको कार्यक्रमबाट पछिल्लो ३ वर्षभित्र समान प्रकृतिको अनुदान प्राप्त नगरेको हुनुपर्ने।

ज. कार्यक्रमबाट प्राप्त बाख्रा तोकिएको अवधि पूरा नभएसम्म बिक्री वा हस्तान्तरण नगर्ने प्रतिबद्धता गरेको हुनुपर्ने।

६. लाभग्राही छनोटमा प्राथमिकता

लाभग्राही छनोट गर्दा देहायका समूहलाई प्राथमिकता दिइनेछ—

क. अति विपन्न एकल महिला।

ख. आफ्नै नियमित आम्दानीको स्रोत नभएका एकल महिला।

ग. आश्रित बालबालिका वा परिवारका सदस्यको पालनपोषणको जिम्मेवारी भएका एकल महिला।

घ. अपाङ्गता भएका आश्रित सदस्य भएका परिवार।

ङ. आवास तथा जीविकोपार्जनको कमजोर अवस्था भएका महिला।

च. सामाजिक तथा आर्थिक रूपमा जोखिममा रहेका महिला।

छ. दलित, जनजाति तथा अन्य पछाडि परेका समुदायका विपन्न एकल महिला।

ज. यसअघि सरकारी/गैरसरकारी निकायबाट पशुपालनसम्बन्धी सहयोग नपाएका महिला।

७. सूचना प्रकाशन

कार्यक्रम सञ्चालनका लागि गाउँपालिकाले कम्तीमा **१५ दिनको म्याद** दिई वडा कार्यालय तथा गाउँपालिकाको सूचना पाटी/वेबसाइट/अन्य उपयुक्त माध्यमबाट आवेदन माग गर्नेछ।

८. आवेदन

आवेदकले अनुसूची-१ बमोजिमको निवेदन पेश गर्नुपर्नेछ। निवेदनसँग देहायका कागजात संलग्न गर्नुपर्नेछ

क. **नागरिकताको प्रतिलिपि।**

ख. **एकल महिलाको प्रमाण/वडा कार्यालयको सिफारिस।**

ग. **सम्बन्धित वडा कार्यालयको विपन्नता प्रमाणित/सिफारिस।**

घ. **बाख्रा पाल्ने स्थान/गोठको फोटो वा विवरण।**

ङ. **अनुसूची -२ बमोजिमको प्रतिवद्धता पत्र।**

च. **अन्य आवश्यक कागजात।**

९. छनोट समिति

लाभग्राही छनोटका लागि देहायबमोजिमको समिति रहनेछः

क. **गाउँपालिका उपाध्यक्ष — संयोजक**

ख. **प्रमुख प्रशासकीय अधिकृत — सदस्य**

ग. **सम्वन्धित वडाको वडाध्यक्ष — सदस्य**

घ. **पशु सेवा शाखा प्रमुख वा प्रतिनिधि — सदस्य**

ङ. **महिला तथा बालबालिका शाखा प्रमुख — सदस्य सचिव**

आवश्यकतानुसार समितिले सम्बन्धित विषयका कर्मचारी/प्राविधिकलाई आमन्त्रण गर्न सक्नेछ।

१०. छनोटको आधार

लाभग्राही छनोट गर्दा देहायको अंकभार प्रयोग गर्न सकिनेछः

क्र.सं.	**छनोटको आधार**	**अधिकतम अंक**
१	आर्थिक विपन्नता	२५
२	आफ्नै आयस्रोत नभएको	१५
३	आश्रित बालबालिका/परिवारको जिम्मेवारी	१५
४	आवास तथा जीविकोपार्जनको अवस्था	१०
५	सामाजिक जोखिम/असहाय अवस्था	१०
६	बाख्रापालनका लागि गोठ/स्थानको व्यवस्था	१०
७	बाख्रापालन गर्ने प्रतिबद्धता तथा अनुभव	१०
८	यसअघि समान प्रकृतिको सहयोग नपाएको	५
जम्मा		१००

१३. बाख्राको न्यूनतम मापदण्ड

क. **स्वस्थ तथा रोगमुक्त हुनुपर्ने।**

ख. **प्रजननका लागि उपयुक्त उमेर तथा अवस्थामा हुनुपर्ने।**

ग. **पशु चिकित्सक/पशु प्राविधिकबाट स्वास्थ्य परीक्षण भएको हुनुपर्ने।**

घ. **स्थानीय हावापानीमा अनुकूल हुने जातलाई प्राथमिकता दिनुपर्ने।**

ङ. **अत्यधिक कमजोर, रोगी, चोटपटक लागेको वा प्रजननका लागि अनुपयुक्त बाख्रा खरिद गर्न नहुने।**

च. **सम्भव** भएसम्म बाख्राको पहिचानका लागि ट्याग/नम्बर राख्नुपर्ने।

१४. खरिद प्रक्रिया

बाख्रा तथा अन्य सामग्रीको खरिद प्रचलित **सार्वजनिक खरिद ऐन** बमोजिम गरिनेछ।

१५. वितरण

क. **लाभग्राहीलाई सार्वजनिक कार्यक्रममार्फत बाख्रा हस्तान्तरण गर्न सकिनेछ।**

ख. **बाख्रा हस्तान्तरण गर्दा लाभग्राही र गाउँपालिकाबीच सम्झौता गराइनेछ।**

ग. **हस्तान्तरणको अभिलेखमा लाभग्राहीको नाम, ठेगाना, बाख्राको संख्या, जात, उमेर, पहिचान नम्बर तथा अनुमानित** मूल्य उल्लेख गरिनेछ।

१६. लाभग्राहीले पालना गर्नुपर्ने कुरा

क. **बाख्राको उचित हेरचाह तथा पालनपोषण गर्नुपर्ने।**

ख. **आवश्यक खोप तथा पशु स्वास्थ्य सेवा लिनुपर्ने।**

ग. **बाख्रालाई बिक्री, उपहार वा अन्य व्यक्तिलाई हस्तान्तरण नगरी तोकिएको अवधिसम्म कार्यक्रमको उद्देश्य अनुसार पाल्नुपर्ने।**

घ. **बाख्राको मृत्यु भएमा यथाशीघ्र वडा कार्यालय वा सम्बन्धित पशु सेवा शाखालाई जानकारी दिनुपर्ने।**

ङ. **प्राविधिक अनुगमनमा सहयोग गर्नुपर्ने।**

च. **बाख्राबाट उत्पादन** भएको पाठापाठीको विवरण गाउँपालिकालाई उपलब्ध गराउनुपर्ने।

छ. बाख्राको बीमा अनिवार्य गर्नुपर्ने।

१७. प्राविधिक सहयोग

गाउँपालिकाको पशु सेवा शाखाले लाभग्राहीलाई

क. **बाख्राको स्वास्थ्य परीक्षण**,

ख. **खोप तथा परजीवी नियन्त्रण**,

ग. **पोषण तथा दाना व्यवस्थापन**,

घ. **प्रजनन व्यवस्थापन**,

ङ. **गोठ व्यवस्थापन**,

च. **रोग नियन्त्रण**

सम्बन्धी आवश्यक प्राविधिक सहयोग उपलब्ध गराउनेछ।

१८. अनुगमन

क. **कार्यक्रमको अनुगमन गाउँपालिका तथा सम्बन्धित वडा कार्यालयले संयुक्त रूपमा गर्न सक्नेछन्।**

ख. **वितरण गरिएको बाख्राको कम्तीमा ३ महिना, ६ महिना र १२ महिनामा अनुगमन गर्न सकिनेछ।**

ग. अनुगमनका क्रममा बाखाको अवस्था, संख्या, स्वास्थ्य, पाठापाठी उत्पादन तथा लाभग्राहीको आयआर्जन अवस्थाको विवरण संकलन गरिनेछ।

१९. बाखा बिक्री

क. कार्यक्रमबाट प्राप्त बाखा कम्तीमा २ वर्षसम्म बिक्री वा हस्तान्तरण गर्न पाइने छैन।

ख. प्रजनन क्षमता समाप्त भएको, रोगका कारण उपचार सम्भव नभएको वा अन्य प्राविधिक कारणले बिक्री गर्नुपर्ने अवस्था भएमा सम्बन्धित पशु प्राविधिकको सिफारिसका आधारमा बिक्री गर्न सकिनेछ।

ग. कार्यक्रमबाट प्राप्त माउ बाखाबाट जन्मिएका पाठापाठी भने लाभग्राहीले आफ्नो आवश्यकता तथा व्यवसाय विस्तारका लागि उपयोग वा बिक्री गर्न सक्नेछ।

२०. दोहोरो सुविधा लिन नपाइने

एकै आर्थिक वर्षमा एउटै उद्देश्यका लागि संघ, प्रदेश, स्थानीय तह वा अन्य सरकारी निकायबाट समान प्रकृतिको सहयोग प्राप्त गरेको लाभग्राहीलाई दोहोरो सुविधा उपलब्ध गराइने छैन।

२१. झुटो विवरण पेश गरेमा

झुटो विवरण पेश गरी कार्यक्रमबाट लाभ लिएको प्रमाणित भएमा लाभग्राहीबाट प्रचलित कानुनबमोजिम रकम/सामग्री असुलउपर गर्न सकिनेछ।

२३. बजेट

कार्यक्रमका लागि गाउँपालिकाको वार्षिक स्वीकृत बजेटबाट रकम विनियोजन गरिनेछ।

बजेटबाट देहायका कार्यमा खर्च गर्न सकिनेछ।

क. **बाख्रा खरिद।**

ख. **पशु स्वास्थ्य तथा खोप।**

ग. **अभिमुखीकरण तथा तालिम।**

घ. **अनुगमन तथा मूल्याङ्कन।**

ङ. **कार्यक्रम सञ्चालनसँग सम्बन्धित** स्वीकृत अन्य खर्च।

२९. प्रचलित कानुनबमोजिम हुने

यस कार्यविधिमा उल्लेख नभएका विषयहरू प्रचलित संघीय, प्रदेश तथा स्थानीय कानुन बमोजिम हुनेछन्।

अनुसूची -१

आवेदन

(दफा ८ सँग सम्वन्धित)

विपन्न एकल महिला बाख्रा कोशेली कार्यक्रमको लागि आवेदन फाराम

श्रीमान् प्रमुख प्रशासकीय अधिकृतज्यू,
सुनिलस्मृति गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सुलिचौर, रोल्पा।

विषयः बाख्रा कोशेली कार्यक्रमका लागि आवेदन सम्बन्धमा।

म यस गाउँपालिकाको वडा नं. ..... मा स्थायी बसोबास गर्ने एकल महिला भएको र आर्थिक रूपमा विपन्न अवस्थामा रहेको हुँदा गाउँपालिकाबाट सञ्चालन हुने **विपन्न एकल महिला बाख्रा कोशेली कार्यक्रम** अन्तर्गत सहभागी हुन इच्छुक भएकाले यो निवेदन पेश गर्दछु।

आवेदकको विवरण

नाम, थर : .....
उमेर : .....
ठेगाना : .....
नागरिकता नं. : .....

सम्पर्क नं. : .....

एकल महिलाको अवस्था :

.....

परिवार सदस्य संख्या : .....

आश्रित बालबालिका संख्या :

.....

मुख्य आयस्रोत : .....

वार्षिक अनुमानित आय : .....

बाख्रा पाल्ने गोठ/स्थान : छ / छैन

हाल पालिएका बाख्राको संख्या :

.....

मलाई कार्यक्रमबाट बाख्रा प्राप्त भएमा प्रचलित मापदण्ड तथा कार्यविधिको पालना गरी बाख्राको उचित हेरचाह तथा पालनपोषण गर्नेछु।

निवेदकको

नाम : .....

दस्तखत : .....

मिति : .....

अनुसूची -२

लाभग्राही प्रतिबद्धता पत्र

(दफा ८ (ङ) सँग सम्वन्धित)

म ..... ले गाउँपालिकाबाट **विपन्न एकल महिला बाख्रा कोशेली कार्यक्रम** अन्तर्गत प्राप्त बाख्रा कार्यक्रमको उद्देश्यअनुसार पालनपोषण गर्ने प्रतिबद्धता व्यक्त गर्दछु।

१. बाख्राको उचित हेरचाह गर्नेछु।
२. आवश्यक खोप तथा उपचार गराउनेछु।
३. तोकिएको अवधिसम्म बाख्रा बिक्री वा हस्तान्तरण गर्ने छैन।
४. बाख्राको मृत्यु भएमा सम्बन्धित निकायलाई जानकारी गराउनेछु।
५. गाउँपालिकाको अनुगमनमा आवश्यक सहयोग गर्नेछु।
६. कार्यक्रमबाट प्राप्त सहयोगको दुरुपयोग गर्ने छैन।
७. कार्यविधिको उल्लङ्घन गरेमा प्रचलित कानुन तथा गाउँपालिकाको निर्णय स्वीकार गर्नेछु।

लाभग्राहीको

नाम : .....

ठेगाना : .....

दस्तखत/ल्याप्चे : .....

मिति : .....

साक्षी

१. .....

२. .....

आज्ञाले

नगेन्द्र प्रसाद रिजाल

प्रमुख प्रशासकीय अधिकृत